नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
नापी विभाग

**प्रेस विज्ञप्ति**

नेपाल र छिमेकी मित्र राष्ट्र भारत बिचको अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा सीमा स्तम्भ राख्ने क्रममा "नेपालको भू-भाग गुम्न गएको" भन्ने समाचार प्रति नापी विभागको गम्भिर ध्यानाकर्षण भएको छ । २०७४ माघ ३ बुधवारका दिन देखि विभिन्न सञ्चार माध्यमहरुमा सो विषयमा प्रकाशित भएका समाचारहरु तथा विभिन्न संघ संस्था, समूहहरु तथा प्रबुद्ध व्यक्तित्वहरुबाट देखाइएको चिन्ता र चासोको सन्दर्भमा निम्नानुसार प्रष्ट पारिएको छ ।

सन् १८१६ को सुगौली सन्धी, सोही वर्षको पुरक सन्धी, सन् १८६०, १८७५ लगायतका सन्धी सम्झौताका आधारमा नेपाल भारत बिचको अन्तर्राष्ट्रिय सीमा निर्धारण कार्य गरिएको र यसरी निर्धारण गरिएको सीमालाई विभिन्न चरणमा तयार गरिएका सीमा नक्साहरुमा उल्लेख गरिएको र विभिन्न स्थानमा सीमा स्तम्भहरु स्थापना गरिएको हो । सीमा स्तम्भलाई दुरुस्त राख्ने र स्थानीय स्तरमा बेला बेलामा देखिएका विवादहरु समाधान गर्न सीमा रेखाको रेखाङ्कन, सीमा क्षेत्रको नक्सा तथा आवश्यक संख्यामा सीमा स्तम्भहरु स्थापना गर्ने उद्देश्यले सन् १९८० मा Joint Technical Committee (JTC) गठन भई उल्लिखित सीमा नक्साहरुको आधारमा सम्पूर्ण सिमानाको निरीक्षण गरी सीमा स्तम्भको स्थिती विवरण तयार गर्ने, भत्के-बिग्रेका सीमा स्तम्भहरुको मर्मत सम्भार, हराएका सीमा स्तम्भहरुको पुनःस्थापना गर्ने र दशगजामा भएको अतिक्रमणको लगत तयार गर्ने, सिमानाहरुको स्ट्रिप नक्शा तयार गर्ने, नदी सिमाना Fixed Boundary Principle बमोजिम सीमा एकिन गर्न आधार नक्शा अनुरुप स्ट्रिप नक्सामा सीमा रेखा उतार गर्ने, सम्पूर्ण सीमा स्तम्भहरु एक आपसमा देखिने गरी कायम गर्ने, सम्पूर्ण सीमा स्तम्भहरुलाई पूर्व पश्चिम तर्फ सिलसिलेवार नम्वर दिने कार्यहरु सम्पन्न गरिएको । सन् २००७ मा JTC को समयावधि समाप्त हुन अघी सुस्ता र कालापानी क्षेत्र बाहेक अन्य क्षेत्रको सीमा नक्सा (Strip map) तयार गरी प्राविधिक तहमा (JTC तह) हस्ताक्षर समेत सम्पन्न भएको छ । JTC को कार्यावधीमा सम्पन्न हुन नसकेका कार्यहरुलाई सम्पन्न गर्न तथा सीमा स्तम्भहरु दुरुस्त राख्ने कार्यको लागि पुनः सन् २०१४ मा Boundary Working Group (BWG) गठन गरी सीमा क्षेत्रमा हराएका र निर्माण हुन बाँकी सीमा स्तम्भहरुको निर्माण, बिग्रेका सीमा स्तम्भहरुको मर्मत, No-mans land encroachment तथा cross border occupation को नक्साङ्कन गर्ने कार्य संयुक्त रुपमा सञ्चालनमा रहेको छ ।

यसै सिलसिलामा वीरगञ्जको सिर्सिया नदी सीमा क्षेत्रमा सीमा स्तम्भ खडा गर्ने क्रममा हालको अवस्था देखा परेको हो । नेपाल भारत सीमा क्षेत्रमा करीव ६४० कि.मि. नदी सिमाना रहेको र २०४५ मंसिर २२ को मन्त्रीपरिषद्को निर्णय अनुसार नदी सिमाना क्षेत्रमा स्थिर सीमा सिद्धान्त (Fixed Boundary Principle) अर्थात सुगौली सन्धी लगायतका विभिन्न सन्धी सम्झौता पश्चात तयार गरिएका सीमा नक्शाहरुमा कायम भए बमोजिमको नै नदी सिमाना क्षेत्रको सिमाना कायम गर्ने कार्य भएको हो । यो सिद्धान्त अपनाउँदा कम्तिमा सय बर्ष भन्दा बढीको अन्तरालमा प्राकृतिक रुपमा नदीको बहावमा परिवर्तन हुन गई स्थानीय तहमा सीमाको बुझाई र तात्कालिन समयमा रहेको नदीको वहावको अवस्थाले नेपालको भूमि भनी बुझिएको जग्गा भारत तर्फ र भारतको भनी बुझिएको जग्गा नेपाल तर्फ पर्ने अवस्था सिर्जना हुन गएको छ । त्यसै गरी तराई क्षेत्रमा वि.सं. २०२२ सालदेखि २०३५ सालसम्म कित्तानापी भई नदी किनारासम्म भोगचलन गरिएका जग्गाहरुको जग्गाधनी दर्ता प्रमाण पुर्जा समेत उपलब्ध गराइएको तर वि.सं. २०४५ सालपछि स्थिर सीमा सिद्धान्त अपनाउने क्रममा लालपुर्जा उपलब्ध गराइएको जग्गा अर्कोतर्फ पर्ने अवस्था सिर्जना भएको । सोही अवस्थाका कारण वीरगञ्जको सिर्सिया क्षेत्रमा लालपुर्जा उपलब्ध गराइएको केही जग्गा भारत तर्फ पर्न गएको हो । यसैगरी भारत तर्फको केही जग्गा नेपालतर्फ पर्न गएको व्यहोरा समेत अवगत गराउन चाहन्छौं । यसरी स्थिर सीमा सिद्धान्त अपनाएका कारण एक अर्को तर्फ पर्न गएका जग्गाहरुको उचित व्यवस्थापन गर्न तथ्याङ्क संकलन गर्ने कार्य

भैरहेको छ । तथ्याङ्क संकलन गर्ने कार्य सम्पन्न भए पछि त्यस्ता जग्गाहरुको व्यवस्थापन गर्नको लागि आ-आफ्नो सरकार समक्ष सुझाव पेश गर्ने कार्यदिश दिइए बमोजिम BWG ले नेपाल सरकार समक्ष सुझाव पेश गर्ने गरी कार्य गरिरहेको छ ।

तसर्थ वीरगञ्ज सिर्सिया क्षेत्रमा नदी सिमानाले स्थिर सीमा सिद्धान्त अपनाएका कारण कुनै कुनै स्थानमा नेपालको भनी बुझिएको भूमि भारत तर्फ र भारत भनी बुझिएको भूमि नेपाल तर्फ पर्न गएको अर्थात Cross Border Occupation भएको भए तापनी यसबाट एक देशले अर्को देशको भूमि मिचेको भन्ने भनाईमा सत्यता नहुने र सञ्चार माध्यमहरुमा आए बमोजिम उक्त क्षेत्रमा ५० विगाहा भूमि भारत तर्फ पर्न गएको भनाई समेत सत्यता नरहेको व्यहोरा अनुरोध गर्दछौं ।

यस विषयमा २०७४ माघ ७ गते आइतवारका दिन सम्माननीय प्रधानमन्त्री श्री शेरवहादुर देउवाज्यू समक्ष माननीय भूमिसुधार तथा व्यवस्था मन्त्रीज्यू, माननीय राज्य मन्त्रीज्यू, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यू, मुख्य सचिवज्यू, परराष्ट्र सचिवज्यू, गृह सचिवज्यू, भूमिसुधार तथा व्यवस्था सचिवज्यू, सुरक्षा निकायका प्रमुखज्यूहरु, सम्माननीय प्रधानमन्त्रीज्यूको सल्लाहकार समूहका सदस्यज्यूहरु समेतको उपस्थितिमा समस्याको यथार्थताका विषयमा प्रस्तुत गरिएको । सो प्रस्तुतिका क्रममा सम्माननीय प्रधानमन्त्रीज्यूबाट नदी सिमाना क्षेत्रमा Fixed Boundary Principle अवलम्बन गर्दाको परिणाम स्वरुप Cross Border Occupation भएका जग्गाहरुको उचित व्यवस्थापन नहुँदा सम्म यथास्थितिमै जोतभोग गर्न दिने विषयमा यस अघि दुवै देश बिच सहमती भए बमोजिम भोगचलन गर्न दिने अर्थात भोगचलनमा Status Quo कायम गर्ने विषयमा कुटनीतिक पहल गर्ने र Cross Border Occupation मा परेका सम्पूर्ण जग्गाहरुको क्षतिपूर्ती लगायतको समुचित व्यवस्थापन नेपाल सरकारको तर्फबाट हुने जानकारी सर्वसाधारणलाई दिने निर्देशन भयो । उल्लिखित निर्देशनका अतिरिक्त नेपाल सरकार नेपालको सीमाको सुरक्षा तथा संरक्षणका लागि सदैव प्रतिवद्ध रहेको व्यहोरा समेत अनुरोध गरिन्छ ।

अन्तरराष्ट्रिय सीमा सम्बन्धि विषय अत्यन्त सम्बेदनशील हुने कुरा सर्वविदितै छ । तसर्थ यस विषयमा थप जानकारी आवश्यक परेमा नापी विभागमा सम्पर्क गर्न हुन समेत हार्दिक अनुरोध गरिन्छ ।

२०७४ माघ ७ गते आइतवार
नापी विभाग सभाकक्ष
मिनभवन काठमाडौं